त्रिवेणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जुगार, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

**अन्तर्राष्ट्रिय युवा दिवस मनाउने सम्बन्धमा सूचना**

मितिः २०७८।०४।२२

अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा मिति २०७८ श्रावण २८ गते बिहान ११ बजे त्रिवेणी गाउँपालिकाको बहुउद्देशीय सभा हलमा शिक्षा,युवा तथा खेलकुद शाखा त्रिवेणी गाउँपालिका जुगार रोल्पाको आयोजनामा हुन गइरहेको वक्तृत्वकला र निबन्ध प्रतियोगितामा सहभागी हुन सम्बन्धित सरोकारवालाहरु सबैका लागी तपशिल बमोजिमको सूचना प्रकाशन गरिएको छ ।

**तपशिलः**

- **क) वक्तृत्वकला प्रतियोगिताः**
- **शीर्षक " बालश्रम न्युनिकरणमा युवाहरुको भूमिका"**
- समयः ५ मिनेट हुनेछ र ४ मिनेटमा जनाउ घण्टी बज्ने छ ।
- कुनै किसिमको पूर्वाग्रह,आक्षेप वा आरोप कसैमाथि लगाएर बोल्न पाइने छैन ।
- शिष्ट,मर्यादित र अनुशासित भएर आफ्ना भनाईहरु राख्नुपर्ने छ ।
- निर्णायक समितिको मूल्याङ्कनका आधारमा प्रथम,द्वितिय र तृतियको घोषणा गरिनेछ ।
- प्रथम पुरस्कारः रु ५०००।- द्वीतिय पुरस्कारः३०००।- र तृतीय पुरस्कारःरु २०००।-

**ख)निबन्ध प्रतियोगिता सम्बन्धमाः**

- **शीर्षकः" युवाहरुको विकासमा स्थानिय तहको भूमिका"**
- समयः ३० मिनेट रहनेछ ।
- ५०० शब्दमा नघटाइ निर्धारित समयमा निबन्ध लेख्नु पर्ने छ।
- तत्कालै निर्धारित समय भित्र कुनैपनि पाठ्यपुस्तक,पत्रिका,सञ्चार- माध्यम वा अन्य कुनै पनि साधनको प्रयोग नगरी तत्कालै तोकिएको समयभित्र लेख्नुपर्ने छ ।
- निर्णायक समितिको मूल्याङ्कनका आधारमा प्रथम,द्वितिय र तृतियको घोषणा गरिने छ ।
- प्रथम पुरस्कारः रु ५०००।- द्वीतिय पुरस्कारःरु ३०००।- र तृतीय पुरस्कारःरु २०००।-

**नोटः**

- प्रतियोगिता सम्बन्धी कुनै किसिमको विवाद वा समस्या उत्पन्न भएमा आयोजक समितीको निर्णय नै अन्तिम हुनेछ ।
- प्रतियोगितामा १८ वर्ष देखि ४० वर्ष उमेर समुहका युवाहरुले भाग लिन पाउने छन् ।
- प्रतियोगितामा त्रिवेणी गाउँपालिका भित्रका युवाले मात्र भाग लिन पाउने छन्।
- प्रतियोगीले नाम दर्ता गराउन आउदाको समयमा नागरिकताको प्रतिलिपि अनिवार्य लिएर आउनुपर्ने छ ।
- मिति २०७८ श्रावण २८ गते बिहान १०:३० बजे सम्म प्रतियोगितामा सहभागी हुन चाहने प्रतियोगीले शिक्षा,युवा तथा खेलकुद शाखामा नाम दर्ता गराउनु पर्ने छ ।
- नाम दर्ताको कुनै शुल्क लाग्ने छैन ।

२०७८।०४।२२

निम बहादुर के.सी.

प्रमुख प्रशासकीय अधिकृत

निम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

Toll Free No. : +977-166086440965 | Phone No.: +977-9857824585
Website : http://www.trivenimunrolpa.gov.np | Email : tribenirmunicipality@gmail.com